नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :-
च.नं.

# प्रेस विज्ञप्ति

मिति २०७९ जेठ १५ गते तदनुसार २९ मे २०२२ आईतवारका दिन पोखराबाट जोमसोम तर्फ उडानमा रहेको तारा एयर प्रा.लि.को 9N-AET कल साइन भएको ट्वीनअटर वायुयान अन्तिमपटक जोमसोम टावरसंग १०:११ बजे सम्पर्क भएपश्चात सम्पर्कविहिन भएको अवस्थामा खोजबिन कार्यलाई तिव्रता दिइएको थियो।

आज मिति २०७९ जेठ १६ गते विहान उक्त वायुयान मुस्ताङ्ग जिल्लाको थासाङ्ग गाउँपालिका वडा नं. २ को सानुसरे भन्ने स्थानमा १४,५०० फिटको उचाईमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको छ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको एनेक्स १३ तथा गैर सैनिक हवाई(दुर्घटना जाँच) नियमावली, २०७१ वमोजिम घटनाको कारण पत्ता लगाई भविष्यमा यस्ता घटना नदोहोरियोस् भन्ने उद्देश्यले गैर सैनिक हवाई(दुर्घटना जाँच) नियमावली, २०७१ को नियम ११ वमोजिम वरिष्ठ एरोनटिकल इन्जिनियर रतिश चन्द्र लाल सुमन दुर्घटना जाँच इन्चार्ज रहने गरी देहाय वमोजिमको दुर्घटना जाँच आयोग गठन गर्ने नेपाल सरकार(मा. मन्त्रीस्तर) बाट मिति २०७९/०२/१६ मा निर्णय भएको व्यहोरा जानकारी गराईन्छ। दुर्घटनामा मृत्युहुनु भएका चालकदलका सदस्य एवं यात्रुहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक संतप्त परिवारजनप्रति मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## आयोगको संरचना

| | | |
|---|---|---|
| १. वरिष्ठ एरोनटिकल इन्जिनयर श्री रतिश चन्द्र लाल सुमन | : | अध्यक्ष (दुर्घटना जाँच इन्चार्ज) |
| २. क्याप्टेन श्री दिपुराज ज्वार्चन | : | सदस्य (अनुसन्धानकर्ता) |
| ३. वरिष्ठ मेन्टिनेन्स इन्जिनयर श्री उपेन्द्रलाल श्रेष्ठ | : | सदस्य (अनुसन्धानकर्ता) |
| ४. वरिष्ठ मौसमविद् श्री मणिरत्न शाक्य | : | सदस्य (अनुसन्धानकर्ता) |
| ५. सहसचिव(प्रा.) श्री वुद्धिसागर लामिछाने | : | सदस्य-सचिव (अनुसन्धानकर्ता) |

होम प्रसाद लुईटेल
सहसचिव